# प्रसौनी गाउँपालिका
## प्रसौनी, बारा

# स्थानीय राजपत्र

खण्ड ७ संख्या ५ मिति २०८१।०३।३०


भाग–२

## प्रसौनी गाउँपालिका

### उपाध्यक्ष संग महिला वालवालिका कार्यक्रम संचालन कार्यविधि- २०८१

स्वीकृत मिति : २०८१।०३।३०

. प्रस्तावनाः

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार अर्न्तगत पारित उपाध्यक्ष संग महिला वालवालिका कार्यक्रम संचालन कार्यविधि २०८१ स्वीकृत गरी जारी गरिएको छ ।

परिच्छेद-१

प्रारम्भि

१. संक्षिप्त नाम र प्रारम्भ : १) यस कार्यविधिको नाम प्रसौनी गाउँपालिकाको उपाध्यक्ष संग महिला वालवालिका कार्यक्रम संचालन कार्यविधि २०८१ रहेको छ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाष : विषय वा प्रसंगले अको अर्थ नलागेमा यस कार्यविधिमा

(क) “संविधान ” भन्नाले नेपालको संविधान सम्झनु पर्दछ ।

(ख) “ गाउँपालिका ” प्रसौनी गाउँपालिका सम्झनु पर्दछ ।

(ग) “अध्यक्ष ” भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(घ) “उपाध्यक्ष” भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(ङ) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले स्थानिय सरकार सञ्चालन ऐनको दफा ८४ वमोजिमको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ ।

(च) “कार्यपालिका” भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(छ) “गाउँ सभा” भन्नाले संविधानको धारा २२२ को उपधारा (१) वमोजिम गाउँसभा सम्झनु पर्छ ।

(ज) “योजना” भन्नाले आयोजना तथा कार्यक्रमसमेतलाई जनाउँछ ।

(झ) “वडा” भन्नाले गाउँपालिकाका वडा सम्झनु पर्छ ।

(ञ) “वडा अध्यक्ष” भन्नाले वडाको अध्यक्ष सम्झनु पर्छ ।

(ट) “सदस्य” भन्नाले गाउँपालिकाको वडा सदस्य सम्झनु पर्दछ ।

(ठ) “वडा समिति” भन्नाले गाउँपालिकाको वडा समिति सम्झनु पर्दछ ।

(ड) “सरकारी संस्था” भन्नाले गाउँपालिका, वडा कार्यालय, स्थानिय स्तरका विषयगत कार्यालय, विद्यालय आदीलाई जनाउदछ ।

(ढ)“गै.स.स” भन्नाले समाज कल्याण ऐन अर्न्तगत दर्ता भएका गै.स.स., आमा समुह, युवा क्लव, उपभोक्ता समिति, सहकारी संस्था, कृषि, पशु लगाएतका विभिन्न व्यवसायिक संस्था आदी लाई जनाउदछ ।

३. उपाध्यक्ष संग महिला वालवालिका कार्यक्रम भन्नाले : गाउँपालिका र वडा स्तरमा संचालन हुने सवै महिला र वालवालिका संग सम्वन्धीत कार्यक्रमलाई जनाउछ , जस भित्र निम्न कार्यक्रम पर्दछन् ।

३.१ शैक्षिक कार्यक्रम : शिशुस्यार केन्द्र, स्वास्थ्य केन्द्र, शैक्षिक गुणस्तर वृद्धि र अनिवार्य शिक्षा,

३.२ क्षमता विकास कार्यक्रम : तालिम, अवलोकन भ्रमण, शिप विकास,

३.३ रोजगार मुलक कार्यक्रम : रोजगार मुलक तालिम, शिप, लगानी तथा साझेदारी सहयोग,

३.४. शान्ती र हिंसा विरुद्ध कार्यक्रम : मेलमिलाप, मध्येस्थता र अन्य शान्ती सद्भाव कार्य, घरेलु हिंसा र यौन जन्य हिंसा

३.५. राहत पुर्नस्थापन कार्यक्रम : अभिभावक विहिन महिला वालवालिका तथा हिंसा पिडीत दुवैलाई राहत पुर्नस्थापन र सिफारिसलाई जनाइन्छ ।

३.६. चेतनामुलक कार्यक्रम : मनोविमर्श, कानुनि, नितिगत, स्पष्टता, चेतना, जनाकारी सुचना ।

३.७. अभियान मुलक कार्यक्रम : महिला दिवस, वाल दिवस, महिला र वाल हिंसा विरुद्धका दिवसहरु,

३.८. किसोर किशोरी कार्यक्रम : व्यक्तिगत स्वास्थ्य मुलक कार्यक्रम जस्तै किशोरी स्यानेटरी प्याड लगाएत अन्य

३.९. गै.स.स. साझेदारी कार्यक्रम : गै.स.स. संग सम्झौता भई महिला वालवालिका लक्षित कार्यक्रम

४. उपाध्यक्ष संग महिला वालवालिका  कार्यक्रम भित्र दफा ३ अर्न्तगत संचालन हुने उप कार्यक्रम भन्नले तपशिलका कार्यक्रमलाई जनाउदछ :

- तालिम, चेतनामुलक कार्यक्रम एकल र संयुक्त महिला पुरुष
- पुँजिगत निर्माण कार्य तोकिएका पुँजिगत तर्फका
- चालु कार्यक्रम तोकिएका चालु कार्यक्रम
- वृद्ध महिला हितका छुट्टै कार्यक्रम
- वच्चा महिला तथा पुरुषका छुट्टै कार्यक्रम, वाल कार्यक्रम
- गरिव, असाहाय, दलित, अपाङ्ग महिलाका छुटै कार्यक्रम
- शशक्तिकरण कार्यक्रम
- सहयोग सम्मान पुरस्कार सवैतहमा
- विभिन्न महिला, वालमञ्च लगाएतका समुह गठन परिचालन, व्यवस्थापन
- आयआर्जन कायक्रम कृषि, पशु, होमस्टे
- विद्यालय, कलेज स्तरीय युवा, महिला तथा वालवालिका लक्षित कार्यक्रम
- अभिभावकलाई महिला, हिंसा, छोरी सुरक्षा चेतना तथा छोरा वाल संरक्षण कार्यक्रम तथा सो महिला तथा वालवालिका प्रतिकार क्षमता शिप तालिम (सेल्फ डिफेन्स कार्यक्रम ) असक्ष/गरिव असाहय
- महिला वालवालिका न्यायिक सहयोग कार्यक्रम
- वाल महिला पुरुष शैक्षिक सामाग्री कार्यक्रम
- गै.स.स. संग गर्ने गरी तोकिएका सम्झौता अनुसारका कार्यक्रम
- अन्य कार्यपालिका तथा कार्यलय निर्णय अनुसार कार्यक्रम

५. विशेष व्यवस्था  :  यस कार्यविधिले व्यवस्था गरेको विषय कार्यन्वयन गर्नु वडा र गाउँपालिका सवैको कर्तव्य हुनेछ। यो व्यवस्था प्रतिकुल हुने गरी कार्यक्रम सञ्चालन गर्न पाईने छैन।

६. कार्यविधि लागु : १) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मिति देखी लागु हुनेछ ।

७. कार्यविधिमा परिर्माजन तथा शंशोधन : यस कार्यविधिको कार्यन्वयन मा कुनै समास्या देखियमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन शंशोधन गर्न सक्नेछ।

८. खारेजी : यस कार्यविधिका कुनै दफा, उपदफा, लगाएत सवै खण्ड वा आंशिक खण्ड कुनै विषय प्रदेश कानुन र संघिय कानुन र अन्य कुनै कानुन संग वाभ्रियमा वा वाभ्रियको हद सम्म अमान्य हुनेछ।

गाउँ सभाबाट पारित मितिः २०८१।०३।३०
प्रमाणिकरण मिति २०८१।०३।३०

आज्ञाले
सुमित कुमार सिंह
प्रमुख प्रशासकीय अधिकृत